श्री

# संसदीय सुनुवाई समिति समक्ष प्रस्तुत गरेको

## अवधारणा-पत्र तथा कार्ययोजना


प्रस्तुतकर्ता

**गुरु प्रसाद वाग्ले**

(प्रस्तावित निर्वाचन आयुक्त)

मोलुङ-१, ओखलढुंगा


साउन, २०८३

CamScanner

**संसदीय सुनुवाइं समितिका माननीय सभापतिज्यू,**
**समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरू,**

सर्वप्रथम, निजामती सेवामा करिब २५ वर्षदेखि अनवरतरुपमा कार्यरत रही मैले हासिल गरेको अनुभव, कार्यदक्षता, कार्यक्षमता र योग्यताको मूल्याङ्कन गरी नेपालको संविधानको धारा २८४ मा रहेको संवैधानिक परिषद् सम्वन्धी व्यवस्था बमोजिम संवैधानिक परिषद्को मिति २०८३/०३/१९ गतेको बैठकको निर्णयबाट मलाई निर्वाचन आयोगको निर्वाचन आयुक्त पदमा सिफारिस गरेकोमा सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा रहेको संवैधानिक परिषद्प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यस सम्मानित समितिमा उपस्थित भई अवधारणा र कार्ययोजना प्रस्तुत गर्ने महत्वपूर्ण अवसरका लागि सम्मानित समितिका माननीय सभापतिज्यूलगायत सम्पूर्ण माननीय सदस्यज्यूहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

नेपालको संविधान, लोकतान्त्रिक मूल्य र मान्यताप्रति अडिग रही संविधानवादका आधारभूत व्यवस्थाहरूप्रति मेरो अटुट विश्वास र समर्पण रहेको छ। स्वतन्त्र, निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा संम्पन्न गरिने निर्वाचनको माध्यमबाट लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना भइ लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न सकिन्छ। आधुनिक शासन व्यवस्थामा निर्वाचनबाट प्राप्त हुने जनादेशले लोकतान्त्रिक संस्था तथा धरोहरहरूको विकास र प्रवर्द्धन हुने गर्दछ। यसैको लगि संविधानले स्वतन्त्र, निष्पक्ष, स्वच्छ र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गर्ने महत्वपूर्ण अभिभारा निर्वाचन आयोगलाई सुम्पिएको छ।

स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, तटस्तथता, पारदर्शिता र विश्वसनीयता निर्वाचनका आधारभूत पूर्वसर्तहरू हुन। निरन्तरको लगन, मेहनत, क्षमता, इमानदारिता, व्यवसायिक निष्ठा र जवाफदेहितापूर्ण कार्यसम्पादनबाट उल्लिखित शर्तहरूको अभिवृद्धि गर्न सकिने कुरामा म विश्वास गर्दछु। यस गरिमामय समतिको सुनुवाईबाट अनुमोदित भइ निर्वाचन आयुक्तको रूपमा प्राप्त हुने जिम्मेवारीलाई स्वतन्त्र, निष्पक्ष, परदर्शी एवम् पेशागत तथा नैतिक आचरणमा रही कार्यसम्पादन गर्नेछु। लोकतन्त्रमा प्रत्येक नागरिकलाई आफ्नो प्रतिनिधि छान्ने र राष्ट्रको भविष्य निर्माण गर्ने अधिकार प्रदान गर्न निर्वाचन आयोगको स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, पारदर्शिता र जनविश्वासलाई अभिवृद्धि गर्न सक्षम हुनेछु भन्ने आत्मविश्वासका साथ यस गरिमामय समितिलाई सोको विश्वाससमेत दिलाउन चाहान्छु।

संविधान, कानून तथा न्यायका सर्वमान्य सिद्धान्त बमोजिम स्वतन्त्र, निष्पक्ष, पारदर्शी, स्वच्छ र विश्वसनीय ढंगबाट निर्वाचन सम्पन्न गर्नु निर्वाचन आयुक्तको प्रमुख जिम्मेवारी हो। निर्वाचन आयोगले संविधान र कानूनप्रति प्रतिबद्ध एवम् जवाफदेही रही निर्वाचनसम्बन्धी कार्यसम्पादन गर्ने गर्दछ। संविधान र कानूनप्रतिको प्रतिबद्धताले नै अन्ततः नागरिकप्रतिको जवाफदेहीता र उत्तरदायित्व अभिवृद्धि गराउँदछ। निर्वाचन आयोगको आयुक्तको रूपमा कार्यसम्पादन गर्दा जिम्मेवारीप्रतिको लगनशीलता, निष्ठा, ईमानदारिता तथा निष्पक्षता आवश्यक रहन्छ नै, साथ साथै विवेक र ज्ञानसमेतको अपरिहार्यता रहन्छ। ज्ञान र विवेक निरन्तरको अध्ययन, अनुसन्धान र कार्यअनुभवबाट हासिल हुने विषयहरू हुन्। निजामती सेवाको दौरान निर्वाचन आयोगमा समेत कार्यरत रहँदा मैले हाँसिल गरेका अनुभव तथा अध्ययनबाट प्राप्त ज्ञान, सिकाई र भोगाई सम्मानित आयोगको श्रीवृद्धिमा उपयोग गर्ने प्रतिबद्धताका साथ गरिमामय समिति समक्ष प्रस्तुत कार्ययोजना तयार गरी पेस गरेको बेहोरा सादर निवेदन गर्दछु।

## १. अवधारणा

नेपालको संविधानको धारा २४५ को उपधारा (१) बमोजिम नेपालमा एक निर्वाचन आयोग रहने व्यवस्था रहेको छ। निर्वाचन आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना आयुक्त रहनेछन्। प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्नेछ। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था धारा २४५ को उपधारा (२) मा उल्लेख रहेको छ। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ। संविधानको धारा २४५ को उपधारा (६) बमोजिम देहायको योग्यता भएको व्यक्ति प्रमुख निवाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि योग्य हुनेछन्।

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त,
- नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
- पैतालिस वर्ष उमेर पूरा भएको,
- उच्च नैतिक चरित्र भएको।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतको न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक

निकायका प्रमुख वा पदाधिकारी र राजदुतको पदमा नियुक्ति हुनु अघि संघीय कानून वमोजिम संसदीय सुनुवाई हुनेछ भन्ने व्यवस्था रहेको छ। नेपालको संविधानको धारा २८४ मा रहेको संवैधानिक परिषद्को मिति २०८३/३/१९ मा बसेको बैठकले मलाई निर्वाचन आयोगको निर्वाचन आयुक्त पदमा सिफारिस गरेकोले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही वनाउन संसदीय सुनुवाई प्रक्रिया हुने भएकोले सोही वमोजिम सम्मानित संमिति समक्ष यो अवधारणा तथा कार्ययोजना प्रस्तुत गरेको छु।

## २. निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४६ मा देहाय अनुसार निर्वाचन आयोगको काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

क. निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने कार्य, धारा २४६ को उपधारा (१)

ख. राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेशसभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको कार्य, धारा २४६ को उपधारा (१),

ग. राष्ट्रिय महत्वका विषयमा जनमतसंग्रह गराउने कार्य, धारा २४६ को उपधारा (२),

घ. उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइ नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्वन्धमा प्रश्न उठेमा निर्णय दिने, धारा २४६ को उपधारा (३),

ङ. संविधानको धारा २६९ बमोजिम राजनीतिक दलको दर्ता तथा व्यवस्थापन सम्बन्धी कार्य,

च. निर्वाचनको मिति तोक्न नेपाल सरकारलाई परामर्श दिने कार्य, निर्वाचन आयोग ऐन, २०७३ को दफा ३,

छ. निर्वाचन सम्वन्धी कार्यको लागि सुरक्षा प्रवन्ध, अनुगमन, पर्यवेक्षण अनुमति, सार्वजनिक सम्पत्तिको उपयोग आदि गर्ने गराउने कार्य, निर्वाचन आयोग ऐन, २०७३,

ज. निर्वाचन सम्वन्धी नीति, योजना, रणनीति, कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन सम्बन्धी कार्य, निर्वाचन आयोग ऐन, २०७३,

झ. निर्वाचन सुधारका लागि अध्ययन, अनुसन्धान, निर्वाचन सम्बन्धी सूचना तथा अभिलेख व्यवस्थापन, निर्वाचन सम्बन्धी विशेषज्ञ सेवा र अन्तराष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार सम्बन्धी कार्य, निर्वाचन आयोग ऐन, २०७३।

## ३. निर्वाचन व्यवस्थापन सम्बन्धी अभ्यास

क. कार्यकारिणी अंगबाट स्वतन्त्र र स्वायत्त रहने,

ख. आफ्नो काम कारबाहीका लागि संसदप्रति जवाफदेही हुने,

ग. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाबाट निर्वाचनको अनुगमन र पर्यवेक्षण हुने,

घ. सरकार अन्तर्गतका निकायहरूबाट निर्वाचनको व्यवस्थापन हुने,

ङ. आफ्नो काम कारबाहीको लागि सरकारप्रति जिम्मेवार रहने।

## ४. निर्वाचन व्यवस्थापनमा संलग्न हुने निकायका आधारभूत मूल्य मान्यताहरू

| | | |
|---|---|---|
| क. स्वतन्त्रता | घ. पारदर्शिता | छ. नैतिकता |
| ख. स्वायत्तता | ङ. प्रभावकारिता | ज. जवाफदेहिता |
| ग. निष्पक्षता | च. व्यावसायिकता | झ. विश्वसनीयता |

## ५. निर्वाचनको आवश्यकता

क. मतदाताको मताधिकारको उच्च सम्मान गर्न,

ख. लोकतन्त्रको संस्थागत विकास गर्न,

ग. मतदाताले आफ्नो शासक आफैं छान्न,

घ. मतदाताले आफ्नो प्रतिनिधिमार्फत शासन व्यवस्थामा सहभागिता जनाउन,

ङ. विधिको शासन स्थापना गर्न,

च. समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्न,



CamScanner

छ. राजनीतिक दलहरुको सक्रियता र उत्साह अभिवृद्धि गर्न,

ज. मतादाताको सार्वभौम अधिकारको रक्षा गर्न,

झ. जनउत्तरदायी सरकारको निर्माण गर्न,

ञ. राजनीतिक स्थायित्व र सुशासन कायम गर्न।

## ६. निर्वाचनका आधारभूत तत्वहरू

क. बालिग मताधिकार,

ख. त्रुटिरहित मतदाता नामावली,

ग. बहुदलीय प्रतिष्पर्धात्मक प्रणाली,

घ. स्वतन्त्र निर्वाचन व्यवस्थापन निकाय,

ङ. गोप्य मतदान,

च. निर्वाचन अनुगमन र पर्यवेक्षक,

छ. पारदर्शी मतगणना,

ज. निर्वाचन कानूनको प्रभावकारिता,

झ. निर्वाचन आचारसंहिता,

ञ. निर्वाचन विवादको निरुपण।

## ७. विश्वमा प्रचलित निर्वाचन प्रणाली

**क. बढी मत वा बहुमतीय प्रणाली**

- पहिलो हुने निर्वाचित हुने,
- दुई चरण प्रणाली,
- एकल संक्रमणीय मत।

**ख. समानुपातिक प्रतिनिधित्व प्रणाली**

- सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व।

## ८. नेपालले अवलम्बन गरेको निर्वाचन प्रणाली

**क. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली:**

- नेपाललाई भूगोल र जनसंख्याको आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरिएको,
- प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने १६५ सदस्य।

ख. समानुपातिक निर्वाचन प्रणाली:

- प्रतिनिधिसभाको लागि सम्पूर्ण देशलाई र प्रदेशसभाको लागि सम्पूर्ण प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने,
- प्रत्येक दलले प्राप्त गरेको कूल मत संख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गरी निर्वाचित हुने।

## ९. नेपालको निर्वाचन प्रणालीको विशेषता

क. निर्वाचित प्रतिनिधि आफ्नो भौगोलिक क्षेत्र अर्थात निर्वाचन क्षेत्र प्रति उत्तरदायी हुने,

ख. राजनीतिक दल, उम्मेदवार र मतदाताबीच प्रत्यक्ष सम्पर्क र संवाद हुने,

ग. राजनीतिक चेतना बढ्ने र मतदाताले उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कन गर्न पाउने,

घ. मतदाताले सहजै बुझ्न सक्ने प्रणाली भएकोले मतको सदुपयोग हुने,

ङ. समानुपातिक समावेशी सिद्धान्तमा आधारित निर्वाचन हुने हुँदा न्यायोचित प्रतिनिधित्वको अवसर प्राप्त हुने,

च. मतदाताको सहभागिता बढ्ने र वर्गीय तथा क्षेत्रीय विषयहरू सम्बोधन हुने,

छ. समाजका कमजोर वर्ग र अल्पसंख्यकको प्रतिनिधित्वले सामाजिक रुपान्तरणमा सहज हुने,

ज. देशका सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजाति र सम्प्रदायको प्रतिनिधित्व सुनिश्चित भई शासन सञ्चालनमा अपनत्व बढ्ने।

## १०. निर्वाचन आयोग सम्बन्धी मौजुदा कानून, संगठन संरचना र जनशक्ति व्यवस्थापन

### १०.१. मौजुदा कानून

क. ऐन

- निर्वाचन आयोग ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- मतदाता नामावली सम्बन्धी ऐन, २०७३

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७४

**ख. नियमावली**

- निर्वाचन आयोग नियमावली, २०७३
- राजनीतिक दल सम्बन्धी नियमावली, २०७४
- मतदाता नामावली सम्बन्धी नियमावली, २०६८
- प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४
- स्थानीय तह निर्वाचन नियमावली, २०७३
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४

**ग. निर्वाचनको समयमा निर्वाचन सम्बद्ध विभिन्न निर्देशिकाहरू तयार गरी कार्यान्वयन हुने गरेका।**

## १०.२. आयोगको संगठन संरचना र जनशक्ति

क. काठमाडौंस्थित केन्द्रीय सचिवालय र ७ ओटा प्रदेशमा प्रदेश निर्वाचन कार्यालय तथा ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालयहरु,

ख. केन्द्रीय सचिवालयमा नेपाल सरकारका सचिवको नेतृत्वमा ११४ जनाको दरवन्दी र ७ ओटा प्रदेश निर्वाचन कार्यालयमा प्रति कार्यालय ९ जनाका दरले ६३ जना र ७० ओटा जिल्ला निर्वाचन कार्यालयमा प्रति कार्यालय ७ जनाका दरले ४९० जना गरी कुल ६६७ दरवन्दी,

ग. २२ वटा जिल्लामा कार्यालयको आफ्नै भवन निर्माण भै सकेको,

घ. ८ वटा जिल्लामा कार्यालयले भोगाधिकारका लागि सरकारी भवन प्राप्त गरेको,



CamScanner

ङ. ११ वटा जिल्लामा कार्यालयको आफ्नो नाममा जग्गा रहेको तर भवन निर्माण ग नसकेको,

च. ३५ वटा जिल्लामा आफ्नो जग्गा तथा भवन नभएकोले निर्वाचन कार्यालयहरू भाडाको भवनमा संचालनमा रहेका,

छ. सर्लाही जिल्लामा कार्यालय भवन निर्माणको क्रममा रहेको।

## ११. निर्वाचन सम्बन्धी समसामयिक सवालहरू

क. स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनको व्यवस्थापन;

ख. "लोकतन्त्रको उपयोगिता सबै मतदाताको सहभागिता" भन्ने मान्यता अनुरुप विदेशमा रहेका नेपाली नागरिकहरु र निर्वाचन क्षेत्र बाहिर रहेका नागरिकको मताधिकारको प्रयोग,

ग. कुनै पनि उम्मेदवारलाई मतदान गर्दिन (NOTA) सम्बन्धी विषय,

घ. निर्वाचन व्यवस्थापनलाई आधुनिक, प्रविधि मैत्री र जनअपेक्षा अनुरुप बनाउन एकीकृत निर्वाचन कानून निर्माण एवम् कार्यान्वयन,

ङ. निर्वाचन व्यवस्थापनका लागि सूचना प्रविधिको प्रयोग र मितव्ययी निर्वाचन प्रणाली,

च. आयोगसँग अन्य निकायको अंन्तरसम्बन्ध, समन्वय, साझेदारी र सहकार्यमा अभिवृद्धि,

छ. सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन तथा सूचना प्रवाह,

ज. व्यावहारिक, वस्तुगत र स्पष्ट निर्वाचन आचार संहिता निर्माण र सोको प्रभावकारी कार्यान्वयन

झ. सुसूचित मतदाता र त्रुटिरहित मतदाता नामावली,

ञ. मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यलाई प्रविधि मैत्री र स्वचालित बनाई मतदालाई सहज सेवा प्रवाह।

## १२. निर्वाचन व्यवस्थापन सुधार कार्ययोजना

### १२.१. संस्थागत सुदृढीकरण, क्षमता विकास र साझेदारी प्रवर्द्धन

क. निर्वाचन सम्बन्धी अनुभवी तथा क्षमतायुक्त जनशक्तिको विकास र स्थायित्व,

ख. मतदाता नामावली संकलन एवम् अद्यावधिक कार्यमा:

- अन्य सरकारी निकायका सूचना प्रणालीसँगको अन्तरआवद्धता,
- स्थानीय सरकारसँग सहकार्य,

ग. पदाधिकारी एवम् जनशक्तिका लागि तालिम तथा अभिमुखीकरण,

घ. आयोगको चालु चौथो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा, परिमार्जन र कार्यान्वयन,

ङ. मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि योग्य, अनुभवी र सक्षम व्यक्तिहरुको सूची,

च. नेपाल सरकार, राजनीतिक दल, मतदाता, विकास साझेदार लगायतका अन्य सरोकारवालाहरुसँग निरन्तर समन्वय, सहकार्य र सम्बन्ध विस्तार,

छ. निर्वाचन सम्वद्ध अन्तराष्ट्रिय असल अभ्यासहरूको अनुशरण तथा अनुभव आदान-प्रदान,

ज. नागरिक समाज र आम संचार जगतसँगको अन्तर सम्वन्ध, समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन।

## १२.२. सूचना प्रविधिमा आधारित निर्वाचन व्यवस्थापन प्रणाली

क. मतदाता नामावलीको अनलाइन दर्ता र अद्यावधिक गर्ने व्यवस्था,

ख. स्थानीय तहमा मतदाता विवरण संकलन, प्रदेश स्तरमा प्रशोधन तथा केन्द्रमा भण्डारण गर्ने व्यवस्था,

ग. सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन, निर्वाचन पुस्तकालय,

घ. सामाजिक संजाल लगायत औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यम बाट मतदाता सचेतना अभिवृद्धि,

ङ. सरोकारवालाहरूको सहमतिमा विद्युतीय मतदान उपकरण (E-Voting Machine) को प्रयोग तथा इन्टरनेट भोटङ (Internet Voting) को सम्वन्धमा सम्भाव्यता अध्ययन र कार्यान्वयन,

च. सुरक्षित एवम् उच्च प्रविधियुक्त डाटा सेन्टरको व्यवस्था,



CamScanner

छ. मतदानकेन्द्र व्यवस्थापनमा जीआईएस एवम् जीपीएस प्रविधिको प्रयोग,

ज. सूचना व्यवस्थापनमा एसएमएस, मोबाइल एप्स, एआई तथा Event Tracking विधिको प्रयोग,

झ. निर्वाचनमा बायोमेट्रिक प्रविधिबाट मतदाताको पहिचान।

**१२.३. सुदृढ कानूनी व्यवस्था तथा निर्वाचन पूर्वाधार विकास**

क. निर्वाचन सम्बन्धी कानूनको परिमार्जन र एकीकृत निर्वाचन कानूनको व्यवस्था,

ख. निर्वाचन सम्बन्धी राष्ट्रिय नीति तर्जुमा,

ग. प्रभावकारी एवम् कार्यान्वयनयोग्य आचार संहिता र सोको पूर्ण परिपालना,

घ. अध्यावधिक तथा त्रुटिरहित मतदाता नामावली,

ङ. विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सम्बन्धी कार्य,

च. सबै प्रकारका मतदातामैत्री मतदानस्थलको विकास र मतदानस्थलमा नै मतगणना गर्ने व्यवस्था,

छ. मतदाता नामावलीको बहुप्रयोग सम्बन्धी व्यवस्था,

ज. निर्वाचन र निर्वाचन सामग्री व्यवस्थापनमा प्रदेश सरकार र स्थानीय तहको सहभागिता र सहयोग,

झ. निर्वाचनका सरोकारवालाहरुसँग नियमित छलफल र अन्तरक्रिया,

ञ. नियमित र प्रभावकारी मतदाता शिक्षा एवम् जनचेतना अभिवृद्धि,

ट. निर्वाचनका लागि आवश्यक स्रोतसाधन तथा जनशक्तिको पूर्वानुमान र व्यवस्थापन,

ठ. विद्यालयको पाठ्यक्रममा निर्वाचन शिक्षाको व्यवस्था।

**१२.४. निर्वाचन व्यवस्थापनमा मितव्ययिता र प्रभावकारिता**

क. कूल निर्वाचन खर्चको अनुपातमा हुने प्रति मतदाता खर्चमा न्यूनीकरण,

ख. राजनीतिक दल एवम् उम्मेदवारको खर्चमा नियमन, लेखा परीक्षण र सार्वजनिकीकरण,

ग. राजनीतिक दल र उम्मेदवारको आर्थिक कारोवारमा वैकिङ प्रणालीको प्रयोग,

घ. निर्वाचन सामग्री खरीदमा मितव्ययिता, पारदर्शिता र प्रतिस्पर्धा,

ङ. मतदान केन्द्रमा आवश्यक पर्ने सामग्रीको स्थानीय स्तरबाटै व्यवस्थापन,

च. मतदाता शिक्षामा सरोकारवालाको सहभागिता वृद्धि गरी खर्चमा मितव्ययिता,

छ. मतदान केन्द्रमा स्थानीय तहको जनशक्ति उपयोग,

ज. उम्मेदवारको प्रचार सामग्री तथा प्रचार प्रसार कार्यको खर्च सीमा पुनरावलोकन र खर्चमा न्यूनीकरण।

## १२.५. राजनीतिक दलको दर्ता तथा व्यवस्थापन

क. दल दर्ता गर्ने कानूनी व्यवस्थामा पुनरावलोकन गरी निश्चित आधार र मापदण्ड निर्धारण,

ख. निर्वाचनमा सहभागिता नजनाउने राजनीतिक दलको दर्ता खारेजी,

ग. राजनीतिक दलले गर्ने वार्षिक कारोवारको नियमित लेखा परीक्षण र प्रतिवेदनको सार्वजनिकीकरण,

घ. राजनीतिक दलले विधान अनुसार गर्नुपर्ने गतिविधिहरुमा आयोगको प्रभावकारी अनुगमन,

ङ. संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुले आयोगका लागि सम्पर्क व्यक्ति तोकी निरन्तर समन्वय,

च. राजनीतिक दलले प्राप्त गर्ने सबै खालका आम्दानी र खर्चलाई पारदर्शी तथा औचित्यपूर्ण बनाउन आवधिक रुपमा आयव्यय सार्वजनिक गर्ने प्रावधान,

छ. दलका सबै तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था,

ज. राजनीतिक दलहरुलाई स्वघोषणा र स्वमूल्यांकन प्रणालीमार्फत अनुगमन,

झ. राजनीतिक दलहरुको महाधिवेशनमा आयोगबाट पर्यवेक्षण।



CamScanner

## १३. विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्न गर्नुपर्ने कार्यहरु

International Institute for Democracy and Electoral Assistance (IDEA) को तथ्याङ्क अनुसार विश्वभरका २०४ वटा देशहरुको विवरण अध्ययन गर्दा ७०% देशहरुले विदेशमा रहेको आफ्ना नागरिकहरुलाई मतदान (Out of Country Voting-OCV) प्रक्रियामा सहभागी गराएको देखिन्छ भने ३०% ले सहभागी नगराएको देखिन्छ। विश्वका २१६ वटा देश तथा टेरिटोरीहरुले OCV सम्बन्धी कानूनी व्यवस्था गरेको पाईन्छ। यसका लागि प्रत्यक्ष मतदान, हुलाकमार्फत मतदान, प्रतिनिधिमूलक मतदान लगायतका विभिन्न विधिहरू अवलम्बन गरेको पाईन्छ।

एसियाली मुलुकहरूको तथ्याङ्क हेर्दा सिंगापुर, फिलिपिन्स, बंगलादेश, भारत, मलेसिया लगायतका २९ वटा देशहरूले विभिन्न विधिबाट विदेशमा रहेका आफ्ना नागरिकलाई मतदान कार्यमा सहभागी गराउने गरेको पाईन्छ।

### १३.१. संवैधानिक व्यवस्था र सम्मानित सर्वोच्च अदालतको आदेश

#### क. संविधानको धारा ८४

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ जनसंख्या र भूगोललाई आधार मानेर १६५ निर्वाचन क्षेत्र निर्धारण गरिएको,
- समानुपातिक निर्वाचन प्रणालीतर्फ सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने व्यवस्था बमोजिम निर्वाचित हुने ११० सदस्य।

#### ख. सम्मानित सर्वोच्च अदालको आदेश

रिट निवेदक अधिवक्ता प्रेमचन्द्र राई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट न. ०७३-WO-११४९ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४/१२/७ गते भएको फैसलामा "विदेशमा रहेका नागरिकहरूलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरूको वास्तविक लगत संकलन गर्न दर्ता प्रकृया अविलम्ब सुरु गरी आउदो निर्वाचन सम्ममा विदेशमा रहेका नेपाली नागरिकहरूले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनु" भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी भएको।



CamScanner

### १३.२. विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्दा अवलम्बन गर्न सकिने ढाँचाहरू

विदेशमा रहेका मतदातालाई मतदान कार्यमा सहभागिता (Out of Country/Overseas Voting) का लागि विश्वमा प्रचलनमा रहेका मुख्य मुख्य ढाँचाहरु यस प्रकार रहेका छन्।

**क. मतपेटिकामा आधारित मतदान (Ballot Box Voting Model)**

- मतदाता भौतिकरूपमा विदेशस्थित दुतावास वा तोकिएको स्थानमा गएर मतदान गर्ने व्यवस्था,
- विश्वव्यापीरूपमा सबैभन्दा बढी प्रयोगमा रहेको विधि,
- यो विधि लागू गर्न धेरै प्राविधिक तयारी गर्न नपरे पनि व्यवस्थापकीय हिसाबले धेरै कठिन्न र बढी खर्चिलो रहेको,
- ब्राजिल, फ्रान्स, दक्षिण अफ्रिका, मेक्सिको लगायतका मुलुकले अभ्यास गरिरहेका।

**ख. हुलाकमा आधारित मतदान विधि (Postal Voting Model)**

- सम्बन्धित व्यक्तिको विदेशस्थित ठेगानामा हुलाकमार्फत मतपत्र पठाउने र निजले मतदान गरी पठाएका मतपत्रहरूलाई मतगणनामा समावेश गर्ने विधि,
- धेरै राष्ट्रमा आफ्ना नागरिकहरू छरिएर रहेका मुलुकहरूमा बढी उपयोगी हुने,
- कम लागतमा गर्न सकिने तर समयमा प्राप्त हुने तथा हुलाक सेवाको विश्वसनीयता लगायतका विषयमा निर्भर रहने,
- यो विधि बंगलादेशले हालै सम्पन्न निर्वाचनमा प्रयोग गरेको साथै अष्ट्रेलिया, क्यानडा, जर्मनी, सिंगापुर लगायतका मुलुकले पनि अभ्यास गरिरहेका।

**ग. प्रतिनिधिमूलक मतदान विधि (Proxy Model)**

- विदेशमा रहेका मतदाताले आफ्नो तर्फबाट मतदान गर्ने प्रयोजनका लागि प्रतिनिधि छनौट गर्ने र त्यस्ता प्रतिनिधिले विदेशमा रहेका मतदाताको तर्फबाट मतदान गर्ने विधि,



CamScanner

- झन्झटिलो तथा मत दुरुपयोगको सम्भावना रहने,
- बेलायत, फ्रान्स, नेदरल्याण्ड, भारत (निश्चित शर्तहरू:तोकी) लगायतका मुलुकमा लागू भइरहेको।

घ. इन्टरनेटमार्फत मतदान (Internet Voting)

- Technologically Advanced Method,
- लागू गर्न सके विदेशमा रहेका मतदाता र अन्तरजिल्ला मतदान दुवैका लागि उपयोगी हुने तर साइबर सुरक्षा, मतदानको निष्पक्षता, मतदाताले स्वविवेक प्रयोग गरेर मतदान गरेको लगायतका सवालहरु रहने,
- ईस्टोनिया, स्विजरल्याण्ड,पानामा, फिलिपिन्स लगायतका मुलुकमा अभ्यास भैरहेको।

ङ. मिश्रित विधि (Mixed or Hybrid Voting)

- दुई वा दुई भन्दा वढी विधिको प्रयोग गरी मतदान गराउने विधि,
- मतदाताको सुविधा अनुसारको विधि छनौट लगायतको Flexibility का कारण विश्वव्यापी वढ्दो प्रयोग,
- अष्ट्रेलिया, डेनमार्क, इस्टोनिया, फ्रान्स, बेलायत लगायतका मुलुकमा अभ्यास।

## १३.३. विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार प्रदान गर्नु अघि गर्नुपर्ने कार्यहरू

क. परराष्ट्र मन्त्रालयसँगको समन्वयमा विदेशमा रहेका देहाय अनुसारका योग्य मतदाता पहिचान गर्ने,

- नेपाली नागरिकता नत्यागेका,
- अन्य कुनै पनि देशको नागरिकता वा स्थायी बसोवास अनुमति-पत्र नलिएका,
- कानून बमोजिम मतदाता परिचयपत्र भएका।

ख. धेरै भन्दा धेरै नेपाली नागरिकहरुलाई मतदानमा सहभागी गराउने हेतुले स्वच्छ, निष्पक्ष र धाँधलीरहित मतदान गराउन सकिने गरी राजनीतिक दल लगायतका सरोकारवालाहरूको समन्वयमा उपयुक्त निर्वाचनको विधि छनौट गर्ने,

ग. विदेशमा मतदानका लागि अनुकूल वातावरण तयार गर्न विभिन्न देशहरूका सरकार तथा रोजगारदाता कम्पनीहरूसँग आवश्यक कुटनीतिक पहल गर्ने,

घ. विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको उपयोग गर्न आवश्यक कानूनी प्रबन्ध मिलाउने,

ङ. आवश्यक स्रोत, सामग्री तथा प्रविधि व्यवस्थापनका लागि तयारी गर्ने।

### १३.४. नेपालका लागि उपयुक्त ढाँचाको छनोट र कार्यान्वयन

नेपालको परिवेश तथा विश्वव्यापी असल अभ्यास समेतको आधारमा नेपालको लागि कुनै एक विधि भन्दा पनि चरणबद्धरूपमा कार्यान्वयन गर्ने गरी मिश्रित विधि उपयुक्त हुने देखिन्छ। एउटा सम्भाव्य मार्गचित्रको रूपमा पहिलो चरणमा मतपेटिकामा आधारित प्रत्यक्ष मतदान विधिवाट विदेश स्थित दुतावासलगायतका स्थानबाट सुरूवात गर्न सकिन्छ। दोस्रो र तेस्रो चरणमा आवश्यक पूर्वतयारी गरी क्रमशः हुलाकमार्फत वा ईन्टरनेटमार्फत मतदान गर्ने गरी व्यवस्था गर्न सकिन्छ।

कुन ढाँचा प्रयोग गर्ने भन्ने विषयमा सरोकारवालाहरूसँगको पर्याप्त छलफल, सम्बन्धित विज्ञहरुसँगको परामर्श, विभिन्न अध्ययन समितिको प्रतिवेदन लगायतका माध्यमबाट आयोगले उपयुक्त विधि छनौट गरी लागू गर्न सक्नेछ।

## १४. तत्काल प्रारम्भ गरिने कार्यहरू

क. निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, , समावेशी र आधुनिक प्रविधिमैत्री बनाउन राजनीतिक दल, जनप्रतिनिधि, नेपाल सरकार र अन्य सरोकारवालाहरुसंग छलफल,अन्तरक्रिया र आवश्यक समन्वय गर्ने।

छलफल तथा परामर्शका मुख्य विषयहरु:

- निर्वाचन विधि तथा प्रविधिमा परिमार्जन र नवप्रवर्द्धन,
- विदेशमा रहेका नागरिकलाई मतदान र अन्तर-जिल्ला/निर्वाचन क्षेत्र मतदान,
- मतदानमा कुनै पनि उम्मेदवारलाई समर्थन गर्दिन (NOTA) भन्ने व्यवस्था।

खं. निर्वाचनलाई आधुनिक प्रविधि मैत्री, सहज र सरल बनाउन कानूनी व्यवस्था मिलाउने:

- विदेशमा रहेका नागरिकलाई मतदान, अन्तर-निर्वाचन क्षेत्र मतदान र कसैलाई मतदान गर्दिन (NOTA) भन्ने व्यवस्था सहितको एकीकृत निर्वाचन कानूनका लागि अध्ययन, छलफल तथा मस्यौदा तयारी लगायतका कार्यहरू अगाडी बढाउने,
- एकीकृत निर्वाचन कानून निर्माण पश्चात सो बमोजिमका नियमावली, कार्यविधि र निर्देशिकाहरु तयार गर्ने।

ग. निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग:

- राजनीतिक दल दर्ता, पदाधिकारी हेरफेर, समानुपातिक उम्मेदवारको सूची पेश गर्ने लगायतका सेवा अनलाईन माध्यमबाट प्रवाह गर्न प्रणाली विकास र संचालन गर्ने।

घ. आसन्न निर्वाचन-२०८४ सम्पन्न गर्न आवश्यक तयारी सुरु गर्ने,

ङ. मतदाता नामावली संकलन र अद्यावधिक गर्ने कार्यलाई प्रविधिमैत्री र स्वचालित बनाउने:

- राष्ट्रिय परिचपयत्र तथा पञ्जीकरण विभागले संचालनमा ल्याएको व्यक्तिगत घटना दर्ता प्रणाली (Vital Event Registration and Social Protection- Management Information System) VERSP-MIS र निर्वाचन आयोगले प्रयोगमा ल्याएको फोटो सहितको मतदाता नामावली प्रणाली (Biometric Based Voters Registration System) BBVRS बीच अन्तरआवद्धता गरी व्यक्तिगत घटना दर्ताको सूचना मतदाता नामावली प्रणालीमा आवद्ध हुने व्यवस्था मिलाउने,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले संचालनमा ल्याएको राष्ट्रिय परिचयपत्र प्रणाली (National Identity Card Management Information System) NID-MIS र निर्वाचन आयोगले प्रयोगमा ल्याएको फोटो सहितको मतदाता नामावली प्रणाली (Biometric Based Voters Registration System) BBVRS बीच अन्तरआवद्धता भइसकेको छ। यसलाई स्तरोन्नति गरी व्यक्तिले राष्ट्रिय परिचयपत्र बनाए पछि स्वतः मतदाता नामावलीमा नाम दर्ता हुने गरी स्वचालित बनाउने,
- मतदाता हुन योग्य भै मतदाता नामावलीमा नाम प्रविष्ट भएपछि सोही बखत तत् तत् जिल्ला निर्वाचन कार्यालयले फोटो सहितको मतदाता परिचय पत्र वितरण गर्ने।

च. आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०८१/०८२ देखि २०८५/०८६) को मध्यावधि समीक्षा र प्रभावकारी कार्यान्वयन,

छ. बदर मतलाई न्यूनीकरण गर्दै मतदान प्रतिशत उच्च बनाउने लक्ष्य सहित निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्यक्रम संचालन:

- मतदाता शिक्षा सम्बन्धी पाठ्यक्रम तथा पाठ्य सामग्री तयारी, स्वीकृति र कार्यान्वयन,
- माध्यामिक तहको पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषय समावेश गर्न नेपाल सरकारसँग समन्वय,
- प्रदेश सरकार तथा स्थानीय तहबाट संचालन हुने शिक्षा, तालिम र सचेतनामूलक कार्यक्रममा मतदाता शिक्षालाई समावेश गर्न प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय।

ज. संविधानको धारा २४६(४) तथा निर्वाचन आयोग ऐन, २०७३ को दफा ४६ बमोजिम स्थानीय तहमा अधिकार प्रत्यायोज़न, जिम्मेवारी निर्धारण र स्थानीय तहबाट समेत निर्वाचन व्यवस्थापन सम्बन्धी कार्य प्रारम्भ।

## १५. मेरो प्रतिबद्धता

- नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, विधिंको शासन र सुशासनका आधारभुत मूल्य र मान्यताप्रति सदैव प्रतिबद्ध रहने प्रण गर्दछु।
- निर्वाचन आयोगको स्वतन्त्रता, निष्पक्षता, स्वायत्ता, र विश्वसनीयता जस्ता मूलभूत मान्यतालाई सदैव सम्मान गर्नेछु।
- निर्वाचन सम्वन्धी विषयमा सबै राजनीतिक दल, नागरिक समाज, मतदाता, र अन्य सरोकारवालाहरूसँग निष्पक्ष र तटस्थ भूमिकामा रही कार्यसम्पादन गर्नेछु।
- निर्वाचन आयोगलाई सक्षम, सुदृढ, निष्पक्ष, स्वतन्त्र, व्यवसायिक र भरोसायुक्त तुल्याउँदै निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, विश्वसनीय, मितव्ययी र सर्वस्वीकार्य रुपमा सम्पन्न गर्न हरेक तवरबाट प्रयत्नशील रहनेछु।
- निर्वाचन प्रणालीका हरेक चरणमा मतदाताहरूको पहुँच, पहिचान, सचेतना, स्वामित्व, सुझबुझ र स्वयंसेवीपन अभिवृद्धिका लागि क्रियाशील रहनेछु।
- निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दल, उम्मेदवार र मतदाताको लोकतान्त्रिक हक अधिकारको उच्च सम्मान गर्दै सोको प्रवर्द्धन गर्न सदैव संवेदनशील रहनेछु।
- संवैधानिक निकायको रूपमा रहेको निर्वाचन आयोगको गरिमाप्रति उच्च सम्मान राख्दै संविधान र कानून बमोजिमका जिम्मेवारी निष्पक्षताका साथ इमानदारीपूर्वक गर्नेछु।



CamScanner

अन्त्यमा,

आफ्नो अवधारणा र कार्ययोजना सम्मानित समितिमा प्रस्तुत गर्ने अवसरका लागि संसदीय सुनुवाई समितिका माननीय सभापतिज्यू, सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै, संसदीय सुनुवाई प्रकृयामा सहजीकरण गरीदिनुहुने संघीय संसद्का महासचिवज्यू लगायत सचिवज्यूप्रति आभार प्रकट गर्दछु। समितिका कर्मचारीहरू, सञ्चारकर्मीहरू तथा सम्बद्ध सबैप्रति सहयोग र समन्वयका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

गुरु प्रसाद वाग्ले